# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ २२ गते २०५८ साल (संख्या ८


## भाग ३

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना १

## सार्वजनिक सुरक्षा नियमावली, २०५८

सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सार्वजनिक सुरक्षा नियमावली, २०५८" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले सार्वजनिक सुरक्षा ऐन, २०४६ सम्झनु पर्दछ ।

(ख) "उचित र पर्याप्त आधार" भन्नाले नियम ३ मा उल्लिखित वा त्यस्तै प्रकारको अन्य आधार सम्झनु पर्छ ।

३. उचित र पर्याप्त आधार : (१) कुनै व्यक्तिले देहायको कुनै वा सबै काम कुरा गर्न लागेको छ वा तयारी गरेको छ वा त्यस्तो काम कुरा गर्ने संगठित समूह वा सो समूहसँग आवद्ध व्यक्तिले त्यस्तो काम कुरा गराउन लागेको छ भन्ने स्थानीय अधिकारी विश्वस्त हुने कुनै स्रोतबाट जानकारी हुन आएमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने उचित र पर्याप्त आधार भएको मानिनेछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पार्ने उद्देश्यले मानिसको ज्यान मार्ने, मानिसको शरीरमा हानी नोक्सानी पुऱ्याउने, मानिस अपहरण गर्ने, आगजनी, लुटपिट गर्ने वा हातहतियार वा बल प्रयोग गरी हिंसात्मक विध्वंसात्मक कार्य गर्ने, गराउने,

(ख) विध्वंसात्मक उपायद्वारा राज्यसत्ता परिवर्तन गर्ने, गराउने उद्देश्यले भय वा त्रासको वातावरण सिर्जना गर्न सरकारी कार्यालय, सार्वजनिक सम्पत्ति, वित्तीय संस्था, औद्योगिक र व्यापारिक प्रतिष्ठान, शिक्षण संस्था वा व्यक्तिगत सम्पत्तिमा विष्फोट, आगजनी, तोडफोड वा लुटपाट गर्ने वा नोक्सान पुऱ्याउने, पुऱ्याउन लगाउने,

(ग) जनसाधारणमा भय वा सँत्रासको वातावरण सिर्जना गर्न कुनै किसिमको विष्फोट, आगजनी, तोडफोड, लुटपाट, अपहरण वा आक्रमण वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने, गराउने,

(घ) विध्वंसात्मक वा अपराधिक बलको प्रदर्शन वा प्रयोग गर्ने, गराउने, आतंककारी कार्यमा संलग्न कुनै संगठनको वा समूह वा त्यस्तो समूहको भातृ संगठन वा त्यस्तो समूहको समर्थक संगठनका लागि जवर्जस्ती नगद वा जिन्सी उठाउने वा त्यस्तो संगठनको तर्फबाट कुनै किसिमको पर्चा, पम्पलेट वा प्रचार सामग्री टाँस्ने, वितरण गर्ने, गराउने।

(२) कुनै व्यक्तिले देहायको कुनै वा सबै काम कुरा गर्न वा गराउन लागेको छ वा कुनै व्यक्तिको उपस्थितिले त्यस्तो काम कुरा हुन सक्छ भन्ने स्थानीय अधिकारीलाई कुनै स्रोतबाट जानकारी हुन आएमा सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा खलल पर्न सक्ने उचित र पर्याप्त आधार भएको मानिनेछः-

(क) कुनै व्यक्तिले कुनै धर्म, जात, जाति, भाषा र सम्प्रदाय प्रति लेखेर, बचनले वा भाषण वा यस्तै अन्य कुनै माध्यमबाट अपमानजनक व्यवहार प्रदर्शन गरी विभिन्न धर्म, जात, जाति वा सम्प्रदायका बीचमा वैमनस्य उत्पन्न गर्ने, गराउने प्रयास गरेमा,

(ख) कुनै व्यक्तिले लेख, रचना, प्रवचन, भाषण, प्रदर्शन वा अन्य यस्तै कुनै माध्यमबाट विभिन्न धर्म, जात, जाति वा सम्प्रदायहरुका बीचमा धार्मिक, जातीय वा साम्प्रदायिक दंगा गर्ने, गराउने उद्देश्यले कुनै काम गर्ने, गराउने प्रयत्न गरेमा,

(ग) कुनै व्यक्तिको कुनै स्थानमा हुने उपस्थिति वा कार्यक्रमले धार्मिक, जातीय वा साम्प्रदायिक तनाव वा दंगा हुन सक्ने वातावरण सिर्जना हुन सक्ने भएमा।

४. आदेश जारी गर्दाको कार्यविधिः (१) स्थानीय अधिकारीले ऐनको दफा ३.१ बमोजिम नजरबन्दको आदेश जारी गर्दा नियम ३ को उपनियम (१) मा उल्लिखित उचित र पर्याप्त आधारहरु मध्ये कुनै एक आधार खुलाउनु पर्नेछ।

(२) स्थानीय अधिकारीले ऐनको दफा ३.२ बमोजिम स्थानहदको आदेश जारी गर्दा नियम ३ को उपनियम (२) मा उल्लिखित उचित र पर्याप्त आधारहरु मध्ये कुनै एक आधार खुलाउनु पर्नेछ।

(३) कुनै व्यक्तिलाई ऐनको दफा ३.१ बमोजिम नजरबन्दको आदेश जारी गर्दा त्यसरी जारी गरिएको आदेशको प्रति निजलाई थुनामा राख्ने कार्यालयलाई समेत दिनु पर्नेछ।

(४) स्थानीय अधिकारीले ऐनको दफा ३.१ वा ३.२ बमोजिम नजरबन्द वा स्थान हदको आदेश जारी गर्दा नजरबन्द वा स्थान हदमा राख्नु पर्ने व्यक्तिको पूर्व क्रियाकलाप तथा शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने एवं हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने, गराउने प्रकारका कुनै चीज वस्तु बरामद भएमा त्यस्तो बरामद भएको चिजवस्तुको बरामदी मुचुल्का सहितका कागजात मिसिल फाइलमा संलग्न गर्नु पर्नेछ।

(५) नजरबन्द राख्ने गरी आदेश जारी गर्दा नजरबन्द राख्ने कारण सहितको सूचना समेत नजरबन्दमा राखिने व्यक्तिलाई दिनु पर्नेछ।

(६) स्थानहदको वा नेपाल अधिराज्य बाहिर जान रोक्ने आदेश जारी गर्दा पनि नजरबन्द राख्ने आदेश जारी गर्दा अपनाइने कार्यविधिको पालना गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) स्थानीय अधिकारीले ऐन तथा यस नियम बमोजिम आदेश जारी गर्दा नजरबन्द राख्न आदेश अनुसूची-१, स्थानहदको आदेश अनुसूची-२, नेपाल अधिराज्य बाहिर जान रोक्ने आदेश अनुसूची-३ र नजरबन्दको आदेश जारी गरेपछि नजरबन्दमा राखिएको व्यक्तिलाई दिइने जानकारीको सूचना अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ ।

५. निवेदन गर्न सक्ने : (१) ऐनको दफा ३ बमोजिम जारी भएको आदेशबाट मर्का पर्ने व्यक्तिले आफूलाई मर्का परेको व्यहोरा खोली गृह मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन उपर गृह मन्त्रालयले सो आदेश जारी गर्दा लिइएका आधार कागजात र पर्चा सहितको मिसिल फाइल झिकाई जाँचबुझ गर्दा स्थानीय अधिकारीले जारी गरेको आदेश कायम राख्न मुनासिव नदेखेमा खारेज गर्न सक्नेछ ।

(२) स्थानीय अधिकारीले जारी गरेको आदेश उपनियम (१) बमोजिम खारेज गर्नु पर्ने नदेखिएमा आफ्नो राय सहित सम्बन्धित व्यक्तिको निवेदन र स्थानीय अधिकारीको कार्यालयबाट प्राप्त मिसिल गृह मन्त्रालयले श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको मिसिल कागजात, निवेदन र गृह मन्त्रालयको राय समेत विचार गरी श्री ५ को सरकारले मनासिव सम्झेमा स्थानीय अधिकारीले जारी गरेको आदेश खारेज गर्न सक्नेछ ।

६. आदेश हेरफेर गर्ने वा खारेज गर्ने अधिकार : (१) नजरबन्द रहेको वा स्थान हद गरिएको वा नेपाल अधिराज्य बाहिर जान नदिइएको व्यक्तिको चाल चलन सुध्रिएमा वा परिस्थितिको विचारबाट निजलाई नजरबन्द वा स्थान हद राख्नु नपर्ने वा नेपाल अधिराज्य बाहिर जान दिनुपर्ने देखिएमा ऐनको दफा ३.१ बमोजिम आदेश जारी गर्ने अधिकारीले जारी गरेको आदेशलाई जहिलेसुकै पनि हेरफेर वा खारेज गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम आदेश हेरफेर वा खारेज गर्दा अधिकार प्राप्त अधिकारीले आवश्यक देखेमा सो व्यक्तिको कागज गराउन वा जमानी लिन वा दुवै गर्न सक्नेछ ।

७. खारेजी : (१) सार्वजनिक सुरक्षा नियम, २०१९ खारेज गरिएको छ ।

(२) सार्वजनिक सुरक्षा नियम, २०१९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

925

अनुसूची - १

(नियम ४ को उपनियम (७) संग सम्बन्धित)

## नजरबन्दको आदेश

नेपाल अधिराज्यको ...................................... जिल्लाको प्रमुख जिल्ला अधिकारी (स्थानीय अधिकारी वा निजको निमित्त भई काम गर्ने अधिकारी) म ................................ (आदेश दिने अधिकारीको नाम) ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने तपाईले गर्न लागेको वा तयारी गरी गरेको वा गराउन लागेको ....................................... काम कुरा गर्नबाट तपाईलाई रोक्नुपर्ने देहायको उचित र पर्याप्त आधार भएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ द्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी ................................................ जिल्ला, न.पा./गा.वि.स. वडा नं. ............ बस्ने तपाई ...................................... ................................ लाई नजरबन्द राख्न यो आदेश दिएको (जारी गरेको) छु।

## नजरबन्द राख्नुपर्ने कारण र आधारहरु

(क) ..........................................................................................................

(ख) ..........................................................................................................

(ग) ..........................................................................................................

आदेश दिने अधिकारीको दस्तखत र ओहदा

ईति सम्वत् ............ साल .......... महिना ..........गते रोज .......... शुभम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१४०

अनुसूची - २

(नियम ४ को उपनियम (७) सँग सम्बन्धित)

## स्थानहदको आदेश

नेपाल अधिराज्यको .............................................. जिल्लाको प्रमुख जिल्ला अधिकारी (स्थानीय अधिकारी वा निजको निमित्त भई काम गर्ने अधिकारी) म ......................... (आदेश दिने अधिकारीको नाम) ले नेपाल अधिराज्यको सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा खलल पर्न सक्ने तपाईले गर्न वा गराउन लागेको .................................. ............................. दङ्गा,............................................. तनाव हुन सक्ने वातावरणको सृजना ..................................................... वैमनष्य उत्पन्न गर्ने गराउने काम कुरा गर्नबाट तपाईलाई रोक्नु पर्ने देहायका उचित र पर्याप्त आधार भएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.२ द्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी .................................... लाई .................................जिल्ला, न.पा./गा.वि.स. वडा नं. ............ मा नबस्नु/ ....................................... जिल्ला, न.पा./गा.वि.स. वडा नं ............. मा नबस्नु ....................................... जिल्ला/न.पा./गा.वि.स. वडा नं. मा मात्र बस्नु भनी स्थानहदको आदेश दिएको (जारी गरेको) छु।

### स्थानहद गर्नुपर्ने कारण र आधारहरु

(क) ..........................................................................................................

(ख) ..........................................................................................................

(ग) ..........................................................................................................

आदेश दिने अधिकारीको दस्तखत र ओहदा

ईति सम्वत् ................. साल ................. महिना .......... गते रोज ..... शुभम् ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

989

अनुसूची - ३

(नियम ४ को उपनियम (७) सँग सम्बन्धित)

**नेपाल अधिराज्य बाहिर जान रोक्ने आदेश**

श्री ५ को सरकार, गृह मन्त्रालयको सचिव म ........................................................ (आदेश दिने अधिकारीको नाम) ले सार्जजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.३ बमोजिम तपाईलाई ........................... प्रतिकूल असर पर्न सक्ने काम कुराबाट रोक्नु पर्ने देहायको उचित र पर्याप्त आधार भएकोले सो ऐनको दफा ३.३ द्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी तपाईलाई श्री ५ को सरकारको स्वीकृति बिना नेपाल अधिराज्य बाहिर नजान भनी यो आदेश दिएको (जारी गरेको) छु।

**नेपाल अधिराज्य बाहिर जान नदिनुपर्ने कारण र आधारहरु**

(क) ..............................................................................................................

(ख) ..............................................................................................................

(ग) ..............................................................................................................

आदेश दिने अधिकारीको दस्तखत र ओहदा

ईति सम्वत् ........... साल ................ महिना ............ गते रोज .......... शुभम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४२

मुद्रण विभाग, सिंहदरबार

अनुसूची - ४

(नियम ४ को उपनियम (७) सँग सम्बन्धित)

**जानकारीको सूचना**

.............................जिल्ला .............................. न.पा./गा.वि.स. वडा नं .............. बस्ने तपाई ................................. लाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नजरबन्द गर्न .......... साल ............... महिना .......... गते रोज ...... मा आदेश जारी भएकोले सो आदेश यसैसाथ छ। नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने ......................... काम कुराबाट रोक्न तपाईलाई थुनामा राख्नु पर्ने सो आदेशमा उल्लिखित उचित र पर्याप्त आधार भएको जानकारीको सूचना दिइएको छ।

जानकारी सूचना दिने अधिकारीको,

दस्तखत :

पद :

कार्यालयको नाम :

ईति सम्वत् ............. साल ............ महिना ............. गते रोज .......... शुभम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## सूचना २

**अध्यागमन (पहिलो संशोधन) नियमावली, २०५८**

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "अध्यागमन (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावलीको नियम १४ को उपनियम (१) द्वारा संशोधित अनुसूची ९ को क्रमसंख्या १ को खण्ड (क), (घ) र सोही नियमको उपनियम (५) बिक्रम सम्बत् २०५६ साल आषाढ २७ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अन्य नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **अध्यागमन नियमावली, २०५१ को नियम २ मा संशोधन** : अध्यागमन नियमावली, २०५१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) मा रहेको "सोह्र वर्ष मुनिका" भन्ने शब्दहरुको सट्टा "आश्रित " भन्ने शब्द राखिएको छ ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :-

"३. भिसा दिने वा नदिने श्री ५ को सरकारको अधिकार : (१) कुनै विदेशीलाई भिसा दिने वा नदिने सम्पूर्णअधिकार श्री ५ को सरकारमा निहित रहने छ ।

(२) श्री ५ को सरकारले कुनै मित्र राष्ट्रका नागरिकलाई पारस्परिकताको आधारमा भिसा नलिई नेपाल अधिराज्यभित्र प्रवेश गर्न दिन सक्नेछ ।"

४. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :–

"(ङ) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्रसंघ वा क्षेत्रीय संगठन वा सो अन्तर्गतका अन्य निकायद्वारा आयोजित सभा सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने व्यक्तिहरु ।"

५. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को उपनियम (४) मा रहेका "शिक्षा, संस्कृति तथा समाज कल्याण" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ ।

६. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ को,–

(१) उपनियम (१) को खण्ड (च) र (ट) मा रहेका "पर्यटन तथा नागरिक उडड्यन " भन्ने शब्दहरुको सट्टा "सम्बन्धित " भन्ने शब्द राखिएको छ ।"

(२) उपनियम (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :–

"(छ) नेपाली मूलका विदेशी वा नेपाली वाबुआमाका विदेशी राहदानी ग्राहक सन्तानले नेपालमा कुनै नातेदार भेट्न आउने भएमा, "

(३) उपनियम (१) को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४४

"(ट१) समाज कल्याण परिषद् वा सम्बन्धित मन्त्रालयसंग सम्पन्न सम्झौता अनुसार गैर सरकारी संस्थामा काम गर्न आउने सम्वन्धित मन्त्रालयको सिफारिश प्राप्त विदेशीहरु"

७ **मूल नियमावलीको नियम ९ मा संशोधन** : मूल नियमावलीको नियम ९ को उपनियम (१) मा रहेको "परिवारलाई" भन्ने शब्द पछि "सम्वन्धित निकायको सिफारिशमा" भन्ने शब्दहरु थपिएका छन्।

८. **मूल नियमावलीको नियम ११ मा संशोधन** : मूल नियमावलीको नियम ११को, -

(१) उपनियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) नेपालको औद्योगिक व्यवसायमा कम्तीमा एकलाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा एकै पटक लगानी गर्ने व्यक्ति,"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :–

"(२) उपनियम (१) को खण्ड (घ)मा उल्लेख भएका विदेशी बाहेक अन्य खण्डमा उल्लेख भएका विदेशीलाई आवासीय भिसा सिफारिश गर्ने नियोगले परराष्ट्र मन्त्रालय मार्फत त्यस्तो विदेशीले भरेको निवेदन सहित विभागमा पठाउनु पर्नेछ।".

९ **मूल नियमावलीको नियम १२ मा संशोधन** : मूल नियमावलीको नियम १२ को, -

(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :

"(ग) पर्यटक भिसा :

(१) भिसा वर्षमा पहिलो प्रवेश भिसाको रुपमा साठी दिनको लागि प्रवेश भिसा तथा सोही भिसा वर्षमा पुनः तीस तीस दिनको प्रवेश भिसाको लागि नियोग वा प्रवेश विन्दुको अध्यागमन अधिकृत,

(२) प्रवेश भिसा लिई नेपाल प्रवेश गरी सकेका पर्यटकहरुको भिसा वर्षमा १५० दिनमा ननाघ्ने गरी म्याद थप गर्नको लागि महानिर्देशक,"

(२) उपनियम (१) को खण्ड (ङ)को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :–

"(ङ) गैर पर्यटक भिसाः नियम ८ को खण्ड (ठ) को सम्बन्धमा श्री ५ को सरकारको स्वीकृति लिई महानिर्देशक र अरु खण्डको हकमा महानिर्देशक।"

(३) उपनियम (१) को खण्ड (ज)को सट्टा देहायको खण्ड (ज) राखिएको छ :–

"(ज) आवासीय भिसा : पहिलो एक वर्षको लागि गृह मन्त्रालयको स्वीकृति लिई विभाग र नवीकरणको लागि विभाग।

तर नियम ११ को उपनियम (१) को खण्ड (घ) बमोजिमका विदेशी लगानी कर्ता र निजको आश्रित परिवारलाई उद्योग विभागको सिफारिशमा विभाग।"

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :–

"(४) विभागले सम्बन्धित निकायहरुबाट भिसाको लागि सिफारिश भै आएकोमा त्यस्तो सिफारिश दर्ता भएको मितिले सामान्यतया ७ दिन भित्र भिसा जारी गर्नु पर्नेछ।"

१० **मूल नियमावलीको नियम ३१ मा संशोधन** : मूल नियमावलीको नियम ३१ पछि देहायको नियम ३१क. थपिएको छः–

"३१क. भिसा दस्तूर छुट दिने अधिकारी : देहायको अवस्थामा देहायका अधिकारीले भिसा दस्तूर छुट दिन वा मिनाहा गर्न सक्ने छन् :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४५

(क) नियम ३१ को खण्ड (क),(ख) र (ग) को अवस्थामा – परराष्ट्र मन्त्रालय

(ख) नियम ३१ को खण्ड (ङ) र (च) को अवस्थामा – महानिर्देशक

(ग) नियम ३१ को खण्ड (घ) र (छ) को अवस्थामा – सम्बन्धित मन्त्रालयको सिफारिशमा महानिर्देशक

(घ) नियम ३१ को खण्ड (ज) को अवस्थामा –अध्यागमन अधिकृत

(ङ) नियम ३१ को खण्ड (झ) को अवस्थामा -

(१) एक हप्ताको लागि –महानिर्देशक वा अध्यागमन अधिकृत

(२) एक हप्ता भन्दा वढी अवधिको लागि –गृह मन्त्रालय ।"

११. **मूल नियमावलीको नियम ३२ मा संशोधन** : मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छ :-

"३२. पदयात्रा अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने : कुनै पदयात्रा क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशीले पदयात्रा अनुमतीपत्रको लागि अनुसूची- १० बमोजिमको ढाँचामा र समूहगत रुपमा भए पदयात्रा गराउने एजेन्सीले अनुसूची- १० (क) बमोजिमको ढांचामा विभाग समक्ष दरखास्त दिनुपर्नेछ ।"

१२. **मूल नियमावलीको नियम ३३ मा संशोधन** : मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छ :-

"३३. पदयात्रा अनुमतिपत्र दिने : नियम ३२ बमोजिम दरखास्त प्राप्त भए पछि सम्बन्धित विदेशीको भिसा अवधि ननाघ्ने गरी पदयात्रा गर्ने पदयात्रीहरुको लागि अनुसूची- ११ बमोजिमको ढांचामा विभागले पदयात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।"

१३. **मूल नियमावलीको नियम ४३ मा संशोधन** : मूल नियमावलीको नियम ४३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) पर्वतारोहणको इजाजतपत्र प्राप्त विदेशीहरुले पर्वतारोहणको लागि इजाजत प्राप्त हिमशिखर तर्फ जाँदा र आउँदा पदयात्रा क्षेत्रमा जानु परेमा पदयात्रा अनुमतिपत्र लिनु पर्नेछ । तर त्यस्तो अनुमति पत्र वापतको दस्तूर भने तिर्नु पर्ने छैन ।"

१४. **मूल नियमावलीको अनुसूची ९ मा संशोधन** : अनुसूची ९ को, -

(१) कमसंख्या १ को सट्टा देहायको कमसंख्या १ राखिएको छ :–

"१ नियोग र प्रवेशस्थल स्थित अध्यागमन कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तूर:–

(क) भिसा वर्षमा पहिलो पटक नेपाल आउन चाहने विदेशीहरुको लागि ६० दिन सम्मको एक प्रवेशी (Single Entry) भिसाको लागि ३० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ख) खण्ड (क) बमोजिमको अवधि भित्र दुई प्रवेशी (Double Entry) भिसाको लागि ५५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ग) खण्ड (क) वमोजिमको अवधि भित्र वहु प्रवेशी (Multiple Entry) भिसाको लागि ९० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सोही भिसा वर्षमा पुनः नेपाल प्रवेश गर्ने विदेशीको लागि भए ३० दिन सम्मको एक प्रवेशी भिसाको लागि ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ङ) खण्ड (घ) बमोजिम पुनः प्रवेश गर्ने विदेशीहरुलाई दुई प्रवेशी भिसाको लागि प्रति महिना ७५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(च) खण्ड (घ) बमोजिम पुनः प्रवेश गर्ने विदेशीहरुलाई बहु प्रवेशी भिसाको लागि ११० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(छ) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि भगवान बुद्धको जन्मस्थल लुम्बिनीको दर्शन गर्न आउने श्रीलंकाका तीर्थयात्रीहरुको हकमा १५ दिन सम्मको एक प्रवेशी भिसाको लागि १० अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा ।"

(२) कमसंख्या २ झिकिएको छ ।

(३) कमसंख्या ३ को सट्टा देहायको कमसंख्या ३ राखिएको छ :–

"३. पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तूर:

(क) पर्यटक भिसाको म्याद थप गर्न ३० दिन सम्मको एक प्रवेशी भिसाको लागि ५० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ख) खण्ड (क) बमोजिम म्याद थप गरेको अवधिभित्र दुई प्रवेशी भिसाको लागि ७५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(ग) खण्ड (क) बमोजिम म्याद थप गरेको अवधि भित्र बहु प्रवेशी भिसाको लागि ११० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

(घ) पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्नु परेमा ३० दिनसम्मको अवधिको लागि प्रति दिन २ अमेरिकी डलर, ३१ दिनदेखि ९० दिनसम्मको अवधिको लागि प्रतिदिन ३ अमेरिकी डलर र ९० दिन भन्दा वढी जतिसुकै अवधिको लागि प्रतिदिन ५ अमेरिकी डलरका दरले हुने नेपाली मुद्रा यस नियमावली बमोजिम भिसा म्याद थप गर्दा लाग्ने साधारण दस्तूरमा थप दस्तूर लाग्नेछ ।"

(४) कमसंख्या ५ को,–

(१) खण्ड (ख) मा रहेको "१० " भन्ने अङ्कको सट्टा "५" भन्ने अङ्क राखिएको छ ।

(२) खण्ड (ङ) मा रहेको "२०" भन्ने अङ्कको सट्टा "१०" भन्ने अङ्क राखिएको छ ।

(५) कमसंख्या ६ को सट्टा देहायको कमसंख्या ६ राखिएकोछ :–

"६ व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तूर:–

व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा बहुप्रवेशी सुविधा सहित वार्षिक १०० अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा र ५ वर्षको बहु प्रवेशी भिसा लिन चाहेमा २५० अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा ।"

(६) कमसंख्या ८ को सट्टा देहायको कमसंख्या ८ राखिएको छ :–

"८ बहु प्रवेशी सुविधा सहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तूर–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

986

प्रथम पटक वार्षिक २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा तर नियम ११ को उपनियम (१) को खण्ड (ङ) बमोजिमका विदेशी व्यक्तिको लागि प्रथम पटक ७०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक १२०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्नेछ ।"

१५. **मूल नियमावलीको अनुसूची १२ मा संशोधन** : मूल नियमावलीको अनुसूची १२ को,–

(१) क्रम संख्या ४ को ठाउँ ठाउँमा रहेका "बराबरको नेपाली मुद्रा" भन्ने शब्दहरुको सट्टा "वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) क्रम संख्या ५ को सट्टा देहायको क्रम संख्या ५ राखिएको छ :-

"५. अन्य पदयात्रा क्षेत्रमा : माथि उल्लिखित क्षेत्रहरु बाहेक अन्य पदयात्रा क्षेत्रको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।"

(३) क्रम संख्या ५ पछि देहायको क्रम संख्या ६ थपिएको छ :-

"६. नेपाली मुद्रामा दस्तूर बुझाउन सक्ने : क्रमसंख्या १, २, ३, ४ र ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि भारतीय नागरिकले सोही क्रमसंख्याहरुमा उल्लिखित अमेरिकी डलर बराबरको दस्तूर रकम नेपाली मुद्रामा बुझाउन सक्नेछ ।"

आज्ञाले,

श्रीकान्त रेग्मी

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।